



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

**देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.**

वर्ष २९ अंक ३ माघ – चैत २०७८ Year 29 Vol 3 Feb. 2022 - Apr. 2022


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७ औं वार्षिकोत्सव कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न




**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७औं वार्षिकोत्सव समारोह अर्थमन्त्री माननीय जनार्दन शर्मा 'प्रभाकर'को प्रमुख आथित्यतामा कोभिड-१९ का कारण भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । कार्यक्रममा अर्थमन्त्री माननीय जनार्दन शर्मा 'प्रभाकर'ले वित्तीय व्यवस्थापन आफैमा चुनौतीपूर्ण भएतापनि राष्ट्रिय वाणिज्य बैंकले चुनौतीको सामना गरी व्यवसायीक रुपमा अगाडि बढिरहेको बताउनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गरी राष्ट्र निर्माणमा थप योगदान गर्नुपर्ने बताउनुभयो। उहाँले बैंकले आगामी दिनमा प्रविधिको मार्फत दिइने बैंकिङ सेवाले ग्राहकको आकांक्षा बमोजिम ग्राहकमैत्री सेवाको लागि थप कार्यगर्नुपर्ने बताउनुभयो।

प्रमुख अतिथि एवं अर्थमन्त्री माननीय जनार्दन शर्मा 'प्रभाकर'ले कार्यक्रममा USSD मोवाइल बैंकिङ्गको Display गरी सेवा शुभारम्भ गर्नुहुदै यसले इन्टरनेट नभएको स्थानमा पनि वित्तीय पहुँचको विस्तार हुने बताउनुभयो । बैंकको ५७ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क स्मारिका उपहार-२०७८ भर्चुअल माध्यमबाट विमोचन गर्नुभएको थियो।

आजैबाट बैंकले अब सिमित कारोबारको लागि शाखामा जान नपर्ने गरी बैंकको मोबाइल बैंकिङ्ग सुविधा लिएका ग्राहकहरुले दुई लाख रुपैंयासम्मको नगद भुक्तानी लिन सक्ने गरी सबै शाखा कार्यालयहरुको काउण्टरमा Smart QR Teller सेवाको शुभारम्भ गरेको छ।

### वार्षिकोत्सवको अवसरमा ग्राहकहरुलाई सहुलियत प्रदान

**काठमाडौं, १ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ५७औं वार्षिकोत्सवको अवसरमा आफ्ना सम्पूर्ण ग्राहकहरुको लागि मोवाइल बैंकिङ, कार्ड, लकर सेवा, डिम्याट रजिष्ट्रेशन सेवामा लाग्ने शुल्कमा छुट प्रदान गर्ने भएको छ । बैंकले वार्षिकोत्सवको अवसरमा २०७८ माघ १ गते दखि चैतमसान्तसम्म लागू हुने गरी मोवाइल बैंकिङ, डेविट कार्ड, क्रेडिट कार्ड दर्ता तथा लकर शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । साथै, डिम्याट रजिष्ट्रेशन शुल्कमा शत प्रतिशत छुट गर्ने निर्णय बैंकले गरेको छ।

थप समाचार पृष्ट ३ ▶▶

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल प्रहरी खेलकुद समितिबिच सम्झौता

**काठमाडौं, १६ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल प्रहरी खेलकुद समितिबिच नेपाल पुलिस क्लबको पुरुष तथा महिला भलिबल टिमको खेल क्षमता अभिबृद्धिमा सहयोग गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल प्रहरी खेलकुद समितिका सदस्य सचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक निरजबहादुर शाहीले हस्ताक्षर गर्नुभएको छ।

सम्झौतापछि बैंकले महिला तथा पुरुष भलिबल टिमको प्रवर्द्धनकोलागि अलग अलग ६/६ लाख रुपैया नगद एकवर्षको लागि समितिलाई उपलब्ध गराउने छ। महिला तथा पुरुष भलिबल टिमले राष्ट्रिय तथा अर्न्राष्ट्रिय स्तरको प्रतियोगितामा बैंकका लोगो तथा नाम अङ्कित जर्सी लगाएर खेल्नु पर्नेछ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले खेलकुद क्षेत्रको विकास गरी राष्ट्रिय प्रतिभाहरुलाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरेको बताउनुभयो । प्रहरी अरिरिक्त महानिरीक्षक निरजबहादुर शाहीले राष्ट्रिय वाणिज्य बैंकसँग सहकार्य क्लबको विकासको लागि फलदायी हुने विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा प्रहरी नायब महानिरीक्षक डा. देवहादुर बोहोरा, प्रहरी उपरीक्षक हेमकुमार थापा, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु कविराज अधिकारी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुख सरोज वस्नेत लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# बैंकमा Smart QR Teller लागू काउण्टर बाट २ लाखसम्मको रकम भुक्तानी लिन अब चेक नचाहिने




**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ५७औं वार्षिकोत्सवको अवसरमा Smart QR Teller सेवा लागू गरेको छ । बैंकले आफ्ना ग्राहकहरुलाई सर्वसुलभ रुपमा डिजिटल बैंकिङ्ग सेवा प्रदान गर्ने उद्धेश्यले गत माघ १० गतेबाट सेवाको शुभारम्भ गरेको हो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले सो सेवाको सुभारम्भ गर्नुभएको हो ।

बैंकले मोवाइल बैंकिङ्ग सुबिधा लिइएका ग्राहकहरुले आफ्नो मोवाइलबाट बैंक काउण्टरमा उपलब्ध QR स्क्यान गरी दुई लाख रुपैंयासम्मको नगद भुक्तानी लिन सक्ने गरी सबै शाखा कार्यालयहरुको काउण्टरमा कबचत QR Teller सेवा लागू गरेको छ । अब सिमित कारोबरको लागि बैंकमा चेक बोकेर गइरहनु पर्दैन ।

बैंकले इन्टरनेट नभएको स्थानमा पनि मोवाइल बैंकिङ्गको कार्य गर्न सक्ने गरी अनस्ट्रक्चर्ड सप्लिमेन्टरी सर्भिस डाटा (USSD) सेवाको गत माघ १० गतेबाटै शुभारम्भ गरेको छ ।

# रा.वा. बैंकको ५७ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न २४९ जनाले रक्तदान गरे




**काठमाडौं, ५ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७ औं वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रीय कार्यालय परिसर तथा विभिन्न प्रादेशिक कार्यालयहरुमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले उपकार्यकारी अधिकृत विनयरमण पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरी शुभारम्भ भएको रक्तदान कार्यक्रममा बैंकको केन्द्रीय कार्यालय परिसरमा ११२ जनाले रक्तदान गर्नुभएको छ । त्यस्तै बैंकको १ नम्बर प्रादेशिक कार्यालय, बिराटनगरमा भएको रक्तदान कार्यक्रममा ५१ जना, गण्डकी प्रादेशिक कार्यालय, पोखरामा भएको रक्तदान कार्यक्रममा ५७ जना, लुम्बिनी प्रादेशिक कार्यालय, नेपालगंजमा भएको रक्तदान कार्यक्रममा २९ जना गरी कुल २४९ जनाले रक्तदान गर्नुभएको छ । कोभिड-१९ को जोखिमका कारण स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्दै सामाजिक दूरी कायम गरी रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा देशव्यापी वित्तीय साक्षरता अभियान सञ्चालन




**काठमाडौं, १५ चैत्र**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशव्यापी रुपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । ग्लोबल मनी विक २०२२ लाई सफल बनाउने उद्धेश्यले बैंकले देशभरीका सबै शाखा कार्यालय मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ ।

The Organization for Economic Co-operation and Development(OECD) को समन्वयनमा गत चैत्र ७ गतेदेखि १३ गतेसम्म ग्लोबल मनी विक २०२२ Build Your Future, Be Smart About Money भन्ने मुलनाराका साथ कार्यक्रम सञ्चालन गरिएको छ । ग्लोबल मनी विक वित्तीय साक्षरताको महत्वका बारेमा जागरण ल्याउने उद्देश्यले वार्षिक रुपमा मनाउँदै आएको साप्ताहिक अन्तर्राष्ट्रिय अभियान हो । नेपाल राष्ट्र बैंकले जारी गरेको वित्तीय साक्षरता मार्गदर्शन, २०७८ बमोजिम बैंकको देशैभरीका शाखा कार्यालयहरुले विद्यार्थी, युवा, मजदुर, कृषक, साना उद्यमी, महिला विप्रेषण प्रापक ग्राहकहरुलाई लक्षित गरी एक हप्तासम्म ज्ञान, सीप तथा बैंकिङ्ग आदत सिकाउन उद्धेश्यले वित्तीय संचेतना कार्यक्रम सञ्चालन गरेको हो ।

# .."कुडा कर्णाली"मा राष्ट्रिय वाणिज्य बैंक




**सुर्खेत, २९ फागुन**

कर्णालीलाई चिन्ने र चिनाउनुका साथै कर्णालीमै बसेर राष्ट्रिय बहस गर्न सकिन्छ भन्ने मानक स्थापित गर्नका लागि शुरु गरिएको कर्णाली उत्सव .."कुडा कर्नाली"को तेस्रो संस्करण राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मुख्य प्रायोजनमा सुर्खेतको बुलबुले उद्यान परिसरमा सम्पन्न भएको छ । साहित्यिक, सांस्कृतिक एवं नीतिगत बहसको ऋति फाउण्डेशनको आयोजना तथा कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सह आयोजनामा गत फागुन २७ देखि २९ सम्म चलेको उत्सवमा देशकै प्रतिष्ठित व्यक्तित्व, कर्णालीलाई बुझेका र बुझ्न चाहने पाँच हजार जनाको उपस्थिति रहेको आयोजकले जनाएको छ। विभिन्न १३ वटा सत्रमा ७० जनाभन्दा बढी वक्ताहरुको भाग लिनु भएको छलफमा कर्णालीलाई हेर्ने दृष्टिकोण विविधतायुक्त विचार, वादविवाद एवं मदभेद्हरुलाई समेत सहभागितामुलक बहस, मन्थन र चन्तनको थालनी गर्ने साझा मञ्च रुपमा कर्णाली उत्सव रहेको बताइएको छ ।

छलफलमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कर्णाली अभाव र विकट तथा दुर्गमको पर्याय मात्र होइन, विकासको सम्भावना बोकेको एक स्वप्नभूमि हो भन्ने कुरा प्रमाणित गर्नुपर्ने दिन आएको बताउदै त्यसका लागि आर्थिक विकासका गर्न उद्यमशिलताको विकास गर्ने परियोजनामा लगानी गर्न बैंक तयार रहेको बताउनुभयो ।

# ५७औं वार्षिकोत्सव...

कार्यक्रममा भर्चुअल माध्यमबाट नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकको समग्र स्थितिमा सुधारको लागि विगतमा आफुसमेत सहभागी भई कदमहरु चालिएकोले बैंकका वित्तीय अवस्था र सेवाको गुणस्तरमा सुधारभई उत्पादकत्व बढेको र पुनः आउनसक्ने चुनौतीको सामना गर्न बैंक तयार भईरहनुपर्ने बताउनुभयो । उहाँले अहिलेको अवस्थामा जोगीएर प्रणालीलाई जोगाउनुपर्ने बताउनुभयो। उहाँले बैंक तथा वित्तीय संस्थाले तल्लोवर्गका नागरिकका जीवनस्तर उकास्ने गरी लगानी गर्न आग्रह गर्नुभयो ।

बैंक संचालक समितिका अध्यक्ष डा.बलराम पाठकले आफ्नो वित्तीय अवस्था तथा परिसूचकहरु उत्कृष्ट रूपमा प्रस्तुत गर्न सफल यो बैंक बैकिङ क्षेत्रका सबै क्षेत्रमा नेतृत्वदायी भूमिका वहन गर्न सफल भएको बताउनु भयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु हुँदै बैंकले डिजिटल सेवालाई जोड दिईरहेको बताउनुभयो । उहाँले २०७७ पुस मसान्तसम्म बैंकले २ खर्ब ४५ अर्ब रुपैंया निक्षेप संकलन गरी २ खर्ब १४ अर्ब रुपैंया कर्जा लगानी गरेको बताउनुभयो । कार्यक्रममा बैंकमा क्रियाशिल तीन वटै ट्रेड यूनियनका अध्यक्षहरु क्रमशः रा.वा.बैंक कर्मचारी संघ नेपालका का.वा.अध्यक्ष रामप्रसाद जोशी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका बरिष्ठ उपाध्यक्ष मिलनबाबु नेपाल, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना व्यक्त गर्नुभएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र लम्कीचुहा नगरपालिका बिच सम्झौता



**कैलाली, २७ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र लम्कीचुहा नगरपालिका(कैलाली जिल्ला) बिच नगरपालिकाका कर्मचारीहरुलाई पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका सुदूरपश्चिम प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक राजेशकुमार अग्रवाल र लम्कीचुहा नगरपालिकाका नगर प्रमुख महादेव बजगाईंले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता भएपश्चात नगरपालिकामा कार्यरत दुईवर्ष स्थायी सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई नगरपालिकाको सिफारिसमा अधिकतम पन्ध्र लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ६।१४ प्रतिशत रहेको छ । सम्झौता अनुसार नगरपालिकाका कर्मचारीहरुको तलबी खाता बैंकले संचालन गर्नेछ । यस सम्भौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत बिक्रम चौधरी, बैंकको शाखा कार्यालय लम्कीका शाखा प्रबन्धक गोविन्ददेव भट्ट, लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र त्रि.वि.अर्थशास्त्र केन्द्रीय विभागबिच सम्झौता




**काठमाडौं, ११ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागबिच एमए र एमफिल गरिरहेका विद्यार्थीहरुलाई अनुसन्धनात्मक शोधग्रथ लेखन कार्यका लागि सहयोग गर्ने सम्बन्धमा सम्झौता भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकको समुपस्थितिमा भएको सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र त्रि.वि.अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा.शिवराज अधिकारीले हस्ताक्षर गर्नुभएको छ ।

समारोहमा बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकले अनुसन्धानबाट आउने प्रतिवेदनले बैंक र देशकै आर्थिक क्षेत्रलाई अगाडि बढाउन मद्धत पुग्ने विश्वास लिएको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले गर्ने लगानीका क्षेत्रहरुमा हुने जोखिम तथा सम्भावनाहरुको बारेमा यथार्थपरक ढङ्गबाट अनुसन्धान भई आगामी दिनमा बैंकलाई रणनीतिक ढङ्गबाट अगाडि बढ्न दिशानिर्देश गर्ने बताउनुभयो । उहांले त्रि.वि.अर्थशास्त्र केन्द्रीय विभागसँगको सहकार्यमा यर्थाथपरक रुपमा लेख्न प्रेरित गर्न आर्थिक हिसाबले आवश्यक तथा जेहेन्दार विद्यार्थीहरुलाई बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यो सुविधा प्रदान गर्ने बताउनुभयो । त्रि.वि.अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा.शिवराज अधिकारीले विभागले विभिन्न वित्तीय क्षेत्रसँग यस्तो सम्झौता गरिरेहकाले प्राप्त हुने अनुसन्धनात्मक प्रतिवेदनले देशको अर्थतन्त्रमा योगदान पुग्ने बताउनुभयो । उहाँले त्रि.वि.अर्थशास्त्र केन्द्रीय विभागले माग गरी प्राप्त प्रस्तावमध्ये उत्कृष्ठ पाँच प्रस्तावलाई छनौट गरी बैंकसँगको सहकार्यमा अनुसन्धान क्षेत्र तोकी शोधग्रन्थ तयार गर्ने विद्यार्थीहरुलाई सहयोग रकम उपलब्ध गराइने बताउनुभयो ।

बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले पाँच जना विद्यार्थीहरुलाई ४० हजार रुपैंया देखि बढिमा एकलाख रुपैंयासम्म रकम उपलब्ध गराउने बताउनुभयो । उक्त समारोहमा त्रि.वि.अर्थशास्त्र केन्द्रीय विभागका प्रा.ताराप्रसाद भुषाल, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख सरोज वस्नेत, कम्पनी सचिव भोलानाथ पौडेल लगायत कर्मचारीको उपस्थिति थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र मन्थली न.पा. बिच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता



**काठमाडौं, ४ चैत्र**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र मन्थली नगरपालिका (रामेछाप जिल्ला) बिच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र मन्थली नगरपालिकाका नगर प्रमुख रमेशकुमार वस्नेतले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि नगरलालिकाले नगर क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सहुलियतपूर्ण कर्जा प्रवाहले देशलाई उत्पादनसँग जोड्न सघाउ पुऱ्याउने बताउनुभयो । नगर प्रमुख रमेशकुमार वस्नेतले नगरपालिकाले लिएको उत्पादन र रोजगारीसँग सम्बन्धित लक्ष्य प्राप्त गर्नकोलागि यस्तो सहुलियतपूर्ण कर्जाबाट सहयोग पुग्ने बताउनुभयो । उक्त अवसरमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लिलाराम पौडेल, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत विनयरमण पौडेल, कम्पनी सचिव भोलानाथ पौडेल, शाखा कार्यालय मन्थलीका शाखा प्रबन्धक मुकेश दाहाल र कृषि तथा सामाजिक बैंकिङ्ग विभाग तथा नगरपालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# ललितपुरको चापागाउँमा राष्ट्रिय वाणिज्य बैंकको शाखा विस्तार



**रकाठमाडौं, ३ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले बाग्मती प्रदेश ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नः १०, टाखेल स्थित शाखा कार्यालय चापागाउँ विस्तार गरी कारोबार शुभारम्भ गरेको छ । यसपछि बैंकको शाखा कार्यालयहरुको संख्या २५८ पुगेको छ । बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २५८ वटा शाखा कार्यालय, २४१ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।

# व्यवसाय विस्तार तथा ग्राहक सेवा सम्बन्धी अन्तरक्रिया



**काठमाडौं, १८ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित व्यवसाय विस्तार तथा ग्राहक सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम फागुन २६ गते नेपालगंजमा सम्पन्न भएको छ। त्यसैगरी मधेस प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित व्यवसाय विस्तार तथा ग्राहक सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम चैत १८ गते सिमरामा सम्पन्न भएको छ। सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको समुपस्थितिमा भएको कार्यक्रममा निक्षेप सङ्कलन, चुस्त ग्राहक सेवा, व्यवसाय विस्तार, कर्जा असुली, कर्जा नविकरण तथा बैंक सञ्चालनका बारेमा छलफल भएको थियो। कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख सरोज वस्नेत, प्रादेशिक कार्यालयका प्रबन्धकहरु दिनेश गौतम, कमलेश ठाकुर, शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो।




यसैगरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड कर्णाली प्रादेशिक कार्यालयको आयोजनामा सुर्खेत जिल्लामा रहेका शाखा कार्यालयहरु सुर्खेत, बिरेन्द्रनगर, मेहेलकुना शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरु सम्मिलित व्यवसाय विस्तार तथा ग्राहक सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम फागुन २९ गते सुर्खेतमा सम्पन्न भएको छ। कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख सरोज वस्नेत, कर्णाली प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक शिवप्रसाद चालिसे, कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# काठमाडौंको बलम्बुमा बैंकको शाखा विस्तार



**काठमाडौं, १२ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले बाग्मती प्रदेश काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका वडा न: १२, बलम्बु स्थित शाखा कार्यालय बलम्बु विस्तार गरी कारोबार शुभारम्भ गरेको छ। चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरीले एक समारोहका बिच शाखाको उद्घाटन गर्नुभयो।

सो समारोहमा चन्द्रागिरी नगरपालिकाका वडा न. १० का वडा अध्यक्ष गोपालकृष्ण महर्जन, वडा न. ४ का वडा अध्यक्ष कृष्णप्रसाद खड्गी, वडा न. १५ का वडा अध्यक्ष उत्तमबहादुर राउत, काठमाडौं जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी, विभागीय प्रमुख सरोज वस्नेत, बाग्मती प्रादेशिक कार्यालयकी प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठ, उपप्रबन्धक जितेन्द्रसिंह थापा, शाखा प्रबन्धक प्रकाशप्रसाद सैँढाई, स्थानीय राजनीतिक दलका प्रतिनीधि, प्रहरी, कर्मचारीहरु तथा व्यवासायीहरुको उपस्थिति रहेको थियो।

# सार्वजनिक खरीद प्रक्रिया कार्यविधि सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २० फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा सार्वजनिक खरीद प्रक्रिया कार्यविधि विषयक तालिम काठमाडौंमा सम्पन्न भएको छ। बैंकका उच्च व्यवस्थापनका पदाधिकारीहरु, विभागका विभागीय प्रमूखहरु, मुख्य शाखाका प्रबन्धक, बागमती प्रादेशिक कार्यालयका प्रबन्धक, तथा सामान्य सेवा विभागका कर्मचारी समेत गरी ३६ जना बैंक कर्मचारीहरुलाई तालिम प्रदान गरिएको थियो। नेपाल सरकारका पूर्व सचिव एवं खरीद विज्ञ सुरेश प्रधानले सार्वजनिक खरीद व्यवस्थापनका प्रक्रिया तथा करार सम्झौता प्रशासन विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले तालिमले बैंकको सार्वजनिक खरीद प्रक्रियाको प्रभावकारी वृद्धिमा सहयोग पुग्ने बताउनुभयो।

लेख

# सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणमा राष्ट्रिय वाणिज्य बैंक

गैरकानुनी कार्य गरी आर्जन गरेको सम्पत्तिलाई कानुनी स्रोतबाट प्राप्त भएको देखाउन त्यस्तो सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छल्ने कार्यलाई सम्पत्ति शुद्धिकरण भनिन्छ । त्यस्तै व्यक्तिगत वा सांगठनिक रुपमा हुने आतंकवादी क्रियाकलापहरुमा प्रत्यक्ष वा परोक्ष रुपमा आर्थिक सहयोग गर्ने कार्यलाई आतंकवादी क्रियाकलापहरुमा वित्तीय लगानी भनिन्छ। सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीले देशको अर्थतन्त्र, सामाजिक संरचना, संस्कृति र अन्तराष्ट्रिय स्तरमा देशको छवीमा समेत नकरात्मक असर पार्ने भएकाले यसको निवारण गर्न निकै आवश्यक छ । यसका लागी नेपाल सरकारले आवश्यक कानूनी, संरचनागत, प्रकृयागत र कार्यान्वयगत व्यवस्था गरेको छ जसमा सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ , सम्पत्ति शुद्धिकरण निवारण नियमावली २०७३, नेपाल राष्ट्र बैंकको निर्देशिका, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको गठन, वित्तीय जानकारी ईकाइको गठन जस्ता कार्यहरु पर्दछन् ।

बैंक तथा वित्तीय संस्थाहरु सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी जस्ता कार्यहरुमा प्रयोग हुनसक्ने भएकाले यस्ता कार्यहरुबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जोगाउन अति आवश्यक छ । राष्ट्रिय वाणिज्य बैंकको हकमा बैंकले सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीको रोकथामका लागि नितिगत र कार्यान्वयनगत दुबै स्तरमा आवश्यक कार्यहरु गर्दै आएको छ । बैंकले नितिगत स्तरमा धेरै महत्वपूर्ण कार्यहरु गरेको छ । बैंकले कम्प्लायन्स सम्वन्धि कार्यहरु प्रभावकमारी ढङ्गले सम्पादन गर्न २०७४ सालमा कम्प्लायन्स विभागको स्थापना गऱ्यो । त्योभन्दा अघि कम्प्लायन्स सम्बन्धि कार्यहरु कम्प्लायन्स महाशाखामार्फत हुने गर्थे । साथै बैंकले कम्प्लायन्स अफिसरको नेतृत्वमा कम्प्लायन्स विभाग अन्तर्गत AML unit खडा गरेको छ । सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि आवश्यक कार्यहरु दक्षता र प्रभावकारीताका साथ सम्पन्न गर्नका लागि यस unit भित्रपनि Customer Due Diligence, Transaction Monitoring/Risk Assessment, Correspondent Banking र goAML Reporting गरी चारवटा sub unit खडा गरेको छ। त्यस्तैगरी बैंकले २०७४ सालमा पहिलोपटक जारी गरेको AML/CFT Policy and Procedures 2074 लाई २०७८ मा पुनरावलोकन गरी आवश्यक परिमार्जन गरेको छ । सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४, सम्पत्ति शुद्धिकरण निवारण नियमावली २०७३, नेपाल राष्ट्र बैंकको निर्देशिका र FATF Recommendations लाई आधार मानेर जारी गरिएको यस Policy and Procedures मा जोखिम व्यवस्थापन, ग्राहक पहिचान पद्धति, वास्तविक धनि पहिचान, बृहत ग्राहक पहिचान, उच्च पदस्थ व्यक्ति पहिचान, विद्युतिय कारोबार पहिचान पद्धति, निरन्तर ग्राहक पहिचान, संकास्पद कारोबार रिर्पोटिङ्ग र अन्य महत्वपूर्ण प्रावधानहरु उल्लेख गरिएको छ । नितिगत स्तरमा अर्को महत्वपूर्ण कार्य भनेको सम्पत्ति शुद्धिकरण निवारण समितिको गठन हो । बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप बैंकमा सम्पत्ति शुद्धिकरण निवारण समितिका गठन गरेको छ । यस समितिको बैठकबाट सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि महत्वपूर्ण निर्णयहरु हुँदै आएका छन् ।

२०७८ सालको अन्तसम्म आइपुग्दा बैंकले सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीको रोकथामका लागि कार्यान्वयनगत स्तरमा समेत धेरै महत्वपूर्ण कार्यहरु सम्पादन गरेको छ। बैंकले सञ्चालनमा रहेका पुराना खाता खोल्ने फारम, ग्राहक पहिचान फारम लाई समयसापेक्ष परिमार्जन गर्नेदेखि सरलीकृत ग्राहक पहिचान फारम, बृहत ग्राहक पहिचान फारम, विद्युतिय कारोवार पहिचान फारम जस्ता नँया फारमहरु बनाएर प्रयोगमा ल्याएको छ । त्यस्तै, बैंकले हरेक शाखाकार्यलहरुमा ग्राहक पहिचान प्रति अन्तर्गत screening mechanism लाई सञ्चालनमा ल्याएको छ जसले ग्राहकसंग सम्बन्ध स्थापना गर्नुअघि ग्राहक sanction list/ PEP list मा पर्छ पर्दैन यकिन गर्दछ। यसका अतिरिक्त बैंकले आफ्नो core banking system मा हरेक खातालाई ग्राहकको विवरण र कारोबारको आधारमा उच्च, मध्ययम र न्यून जोखिममा वर्गिकरण गरेको छ जसअनुरुप यी खातामा रहेका विवरणहरुलाई जोखिमका आधारमा क्रमशः १, ३ र ५ वर्षमा अद्यावधिक गरिन्छ । यसका साथै बैंकले ग्राहक पहिचान अद्यावधिक कार्यलाई निकै महत्वका साथ लिएको छ । ग्राहकको विवरण अद्यावधिक गर्नको लागी बैंकले ग्राहक पहिचान अद्यावधिक अभियाननै सञ्चालनमा ल्याएको थियो साथै कम्प्लायन्स विभागको अन्तर्गत KYC call center को समेत स्थापना गऱ्यो । यसरी बैंकले ४ बर्षको अन्तरालमा ५ प्रतिशतको हाराहारीमा रहेको ग्राहक पहिचान अद्यावधिक प्रतिशतलाई बढाएर ८५ प्रतिशत पुऱ्याएर ऐतिहासिक उपलब्धि प्राप्त गरेको छ। यसका अतिरिक्त बैंकले कारोवार मूल्यांकन गर्ने क्रममा सिमा कारोवार र शंकास्पद कारोवारहरुको वित्तीय जानकारी इकाइमा रिपोर्टिङ्ग समेत गर्दै आएको छ ।

कार्यान्वयनगत स्तरमा बैंकले गरेको अर्को महत्वपूर्ण कार्य भनेको तालिम तथा बृद्धि विकासका कार्यक्रमहरु हो । बैंकले सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीबाट बैंकलाई कसरी जोगाउने भन्नेबारे कर्मचारीलाई समय समयमा तालिम प्रदान गर्दै आएको छ । विगत ४ वर्षदेखि बैंकले शाखामै गएर, म्यानेजर गोष्ठी मार्फत, online माध्यमबाट, पूर्व सेवाकालिन तालिम मार्फत लगभग सबै कर्मचारीहरुलाई सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धि सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गरिसकेको छ। यसका साथै बैंकले सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीको जोखिममा बैंकको अवस्था कस्तो छ भनेर हरेक वर्ष सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीको जोखिम मूल्यांकन गर्दै आएको छ। २०७८ आषाढ मसान्तमा गरिएको मूल्यांकनका आधारमा बैंक न्यून जोखिममा रहेको पाइएको छ साथै बैंकले जोखिम घटाउन अपनाएका उपायहरुले प्रभाभकारी रुपमा कार्य गरेको समेत पाइएको छ ।

नेपाल Asia Pacific Group(APG) को सदस्य भएकोले सन् २०२२ मा हुने mutual evaluation मा राष्ट्रिय वाणिज्य बैंकको समेत मूल्यांकन हुनसक्ने संभावना छ । यसका लागि बैंकले आफ्ना कमीकमजोरीहरुलाई पहिचान गरी त्यसलाई सुधार गरेर मूल्यांकनका लागि तयारी अवस्थामा रहनुपर्ने देखिन्छ साथै सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानीको निवारणका लागि भविष्यमा पनि गम्भिरताका साथ काम गर्नुपर्ने देखिन्छ ।

*(राष्ट्रिय वाणिज्य बैंक कम्प्लायन्स विभागका विभागीय प्रमुख कृष्ण साह, उपप्रबन्धकहरु ज्योती भट्ट र प्रतिभा पन्तको सहयोगमा तयार पारिएको)*



मानव संशाधन

# मिति २०७८।१०।०३ देखि २०७८।१२।०४ गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री दिपेन्द्र पोखरेल | १३१८३ | स्याङ्गजाबजार | कुश्मा | नगद सहायक |
| २ | श्री सरोज अर्याल | १३०६४ | स्याङ्गजाबजार | स्याङ्गजाबजार | नगद सहायक |
| ३ | श्री सुधा रेग्मी | १२२९६ | कुश्मा | कुश्मा | बरिष्ठ स. (नगद) |
| ४ | श्री महेश्वर रेग्मी | १०८३२ | गण्डकी प्र.का., पोखरा | लेकसाईड | नगद सहायक |
| ५ | श्री कृष्ण पन्थी | ११४३२ | बुटवल खस्यौंली | गुल्मी | शाखा प्रबन्धक |
| ६ | श्री गुणनिधि भुषाल | १०७१५ | गुल्मी | सन्धिखर्क | शाखा प्रबन्धक |
| ७ | श्री कमल प्रसाद आचार्य | ११४३१ | सन्धिखर्क | संस्था.तथा सा.म.कर्जा विभाग | सहायक प्रबन्धक |
| ८ | श्री ईलम बहादुर खड्का | १२२४८ | जाजरकोट | लू.प्र. कार्यालय, नेपालगन्ज | सहायक प्रबन्धक |
| ९ | श्री कृष्ण कुमार धिताल | ११४०४ | नेपालगन्ज | जाजरकोट | शाखा प्रबन्धक |
| १० | श्री सुधा रेग्मी | १२२९६ | कुश्मा | टेकु | बरिष्ठ स.(नगद) |
| ११ | श्री कोपिला देवी शर्मा आचार्य | १२४९५ | श्रीपुर हाल काजमा भुक्तानी तथा फस्याट विभाग | नारायणगढ | शाखा स. प्रबन्धक |
| १२ | श्री गोपाल प्रसाद न्यौपाने | ११४३६ | गण्डकी प्रदेश कार्यालय, पोखरा | बुटवल खस्यौंली | शाखा स. प्रबन्धक |
| १३ | श्री मनोज महत | १२५५१ | नारायणगढ | भुक्तानी तथा फस्यौंट विभाग | स.प्रबन्धक (लेखा) |
| १४ | श्री सुर्यरमण पराजुली | १०५९५ | ताल्चोक | महेन्द्रपुल | नगद सहायक |
| १५ | श्री दिपेन्द्र शर्मा | ११०३४ | ताल्चोक | ताल्चोक | नगद सहायक |
| १६ | श्री काशीनाथ सुवेदी | १२९७० | भोजपुर | हिले | सहायक |
| १७ | श्री तोर्णराज राउत | १४५४ | सुख्खाबन्दरगाह बिरटनगर | भोजपुर | बरिष्ठ सहायक |
| १८ | श्री सन्जिव कुमार यादव | १२४६२ | महेन्द्रचोक | सूख्खा ब.बिराटनगर | करार (सहायक) |
| १९ | श्री सोनी श्रेष्ठ | ११२१९ | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | संस्थागत तथा सा.म.कर्जा विभाग | विभागीय प्रमुख |
| २० | श्री ध्रुव प्रसाद अर्याल | १११७३ | सामान्य सेवा विभाग | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | प्रादेशिक प्रबन्धक |
| २१ | श्री गायत्री श्रेष्ठ | ११२०८ | कर्जा अनुगमन तथा असूली विभाग | सामान्य सेवा विभाग | विभागीय प्रमुख |
| २२ | श्री सरोज बस्नेत | १११९४ | ब्रान्च अपरेशन विभाग | कर्जा अनुगमन तथा असूली विभाग | विभागीय प्रमुख |
| २३ | श्री दुर्गा कुमारी कण्डेल | १२४८३ | मुख्य शाखा कार्यालय, काठमाण्डौ | ब्रान्च अपरेशन विभाग | विभागीय प्रमुख |
| २४ | श्री विश्व प्रकाश ज्ञवाली | १११८३ | सिकाई तथा विकास विभाग | मुख्य शाखा कार्यालय, काठमाण्डौ | शाखा प्रबन्धक |
| २५ | श्री पद्मा लक्ष्मी जि.सी. | ११२०४ | मार्केटिङ्ग विभाग | सिकाई तथा विकास विभाग | विभागीय प्रमुख |
| २६ | श्री भोलानाथ पौडेल | १११९५ | प्रमुख कार्यकारी अधिकृतको कार्यालय | आ.ले.प.विभाग | विभागीय प्रमुख |
| २७ | श्री निम्बल श्रेष्ठ | ११४७३ | जोखिम व्यवस्थापन विभाग | ट्रेजरी विभाग | विभागीय प्रमुख |
| २८ | श्री सन्जय कुमार श्रेष्ठ | ११४८२ | आ.ले.प.विभाग | वित्त विभाग | विभागीय प्रमुख |
| २९ | श्री सुरेन्द्र कुमार राजभण्डारी | १०९७९ | सल्लेरी | सल्लेरी | शाखा सहायक प्रबन्धक |
| ३० | श्री निरोज बानिया | १३२३३ | सल्लेरी | सल्लेरी | नगद सहायक |
| ३१ | श्री सुरेन्द्र सेजुवाल | १२८८७ | भैसेपाटी | मुडकेचुला | नि.शाखा प्रबन्धक |
| ३२ | श्री सरिता श्रेष्ठ | १२७२१ | टेकु | भैसेपाटी | सहायक |
| ३३ | श्री प्रेम प्रसाद देवकोटा | १३०८४ | चाँमे | चाँमे | नि.शाखा प्रबन्धक |
| ३४ | श्री पुर्ण बहादुर तामाङ्ग | १२९४६ | मनाङ्ग | मनाङ्ग | नि.शाखा प्रबन्धक |
| ३५ | श्री चम्पक कोईराला | ११७२५ | मानेभञ्याङ्ग | १ नं. प्रदेश कार्यालय, बिराटनगर | सहायक |
| ३६ | श्री महेश मण्डल | १२९१० | नेचाविहिवारे | मानेभञ्याङ्ग | नगद सहायक |
| ३७ | श्री अमित कुमारी चौधरी | १३२२७ | नेचाविहिवारे | नेचाविहिवारे | नगद सहायक |
| ३८ | श्री अरबिन्द कुमार ठाकुर | ११५१३ | अमरसिंहचोक | स्याङ्गजाबजार | शाखा प्रबन्धक |
| ३९ | श्री ईश्वर राज रेग्मी | १२०४१ | स्याङ्गजाबजार | अमरसिंहचोक | सहायक |
| ४० | श्री प्रकाश गैरे | १२०४० | स्याङ्गजाबजार | बुटवल खस्यौंली | शाखा सहायक प्रबन्धक |
| ४१ | श्री रजनिश फुलारा | १२५७५ | शिवसरोजस्थल | बयलपाटा | शाखा प्रबन्धक |

# बढुवा

**काठमाडौं, १७ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड पदपूर्ति समितिको निर्णयअनुसार बरिष्ठ सहायक(तह ५) देखि मुख्य प्रबन्धक (तह १०) सम्मको कार्यसम्पादन मुल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्र र शैक्षिक योग्यता वापत प्राप्त प्राप्ताङ्को आधारमा बैंकले विभिन्न संख्यामा बढुवा सम्बन्धी सूचना निकालेको छ।

# बैंक ब्रान्डिङ्ग तथा सेलिङ्ग सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २७ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा बैंक ब्रान्डिङ्ग तथा सेलिङ्ग विषयक तालिम काठमाडौं सम्पन्न भएको छ। बैंकका उच्च व्यवस्थापनका पदाधिकारीहरु, विभागका विभागीय प्रमुखहरु, मुख्य शाखाका प्रबन्धक, वाग्मती प्रादेशिक कार्यालयका प्रबन्धक, उपत्यका स्थित शाखा कार्यालयका प्रबन्धक तथा विभिन्न विभागका कर्मचारी समेत गरी ३६ जना बैंक कर्मचारीहरुलाई तालिम प्रदान गरिएको थियो । प्रशिक्षकहरु महेश स्वांर, सुमन शाक्य, सन्तोष श्रेष्ठ र विजय कसजुले Revisiting Marketing, Linking Product to Marketing, Promotion/Branding and Its Impact, Deposit Products/Markets and Various Customers, Designing Marketing/Promotion Campaign विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले तालिमले प्रतिस्पर्धी बजारमा बैंकलाई आफ्नो ब्रान्डिङ्ग गर्न थप सहज हुने बताउनुभयो ।

युनियन गतिविधि

# कर्मचारी संघ नेपालको 'लक्ष्ययात्रा' विमोचन




राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको मुखपत्र लक्ष्ययात्रा-२०७८ विमोचन गरिएको छ । संघका का.वा.अध्यक्ष राप्रसाद जोशीले डडेलधुराको स्थित एक समारोहकाबिच लक्ष्ययात्राको विमोचन गर्नुभएको हो । यसैबिच संघको सुदूरपश्चिम प्रादेशिक समितिको आयोजनामा अन्तरक्रिया तथा वनभोज कार्यक्रम आयोजना गरिएको संघका महासचिव लक्ष्मीप्रसाद पाण्डेयले बताउनुभयो ।

## ब्राञ्च प्रोफाइल

# शाखा कार्यालय दिक्तेल (२०६)

### (आ.व. २०७६।०७७ को 'घ' वर्गमध्ये प्रथम भएको शाखा)




निक्षेप : रु. १,२०६,५६७,५१५।१९
कर्जा : रु. ४,११,२५०,९४६।०९
नाफा : रु. १३,१८७,०१२।२०
ग्राहक संख्या : ३०५०५ जना
कर्मचारी संख्या : ८ जना
शाखाप्रबन्धक : काजी बस्नेत
शाखा कार्यालयको स्थापना : २०३० साल

**सफलताको रहस्य :**

प्रभावकारी एवम् कुशल नेतृत्व, सामुहिक सहकार्य, उच्च, एकता, मनोवल, ग्राहकमैत्री व्यवहार, श्रोत र साधनको अधिकतम उपयोग, केन्द्रीय तथा प्रदेश कार्यालयको सहयोग समन्वय, कर्जाको विस्तार तथा नियमित अनुगमन, शाखामा कार्यरत कर्मचारीहरुको लगनशिलता, निर्णय प्रकृयामा सहकर्मीहरुको सहभागीता तथा समझदारीमा कार्य सम्पन्न आदी ।

# शाखा कार्यालय कुश्मा (३४०)

### (आ.व. २०७६।०७७ को 'घ' वर्गमध्ये प्रथम भएको शाखा)



निक्षेप : रु. ७३६,८५३,६३३।६८
कर्जा : रु. ७४,२०८,७२१३।२६
नाफा : रु. ७,५२९,६४६।७३
ग्राहक संख्या : १२५०६ जना
कर्मचारी संख्या : ६ जना
शाखाप्रबन्धक : तोरण बहादुर बि.क.
शाखा कार्यालयको स्थापना : २०५७ साल

**सफलताको रहस्य :**

उच्च मनोबल, श्रोत तथा साधनको अधिकतम उपयोग,सामुहिक कार्य, कुशल नेतृत्व, कर्मचारीहरु बिच अधिकतम समन्वय, कर्जा विस्तार तथा नियमित र प्रभावकारी अनुगमन, प्रदेश र केन्द्रीय कार्यालयको नियमित सहयोग, निर्णय प्रक्रियामा कर्मचारीहरुको सहभागिता इत्यादि ।

# शाखा कार्यालय रामनगरबजार (३३६)

### (आ.व. २०७६।०७७ को 'घ' वर्गमध्ये प्रथम भएको शाखा)



निक्षेप : रु. ६८२,१८०,५५२।४०
कर्जा : रु. १,५५१,३८३,१७९।९५
नाफा : रु. ४,८०,८७,५१६।५६
ग्राहक संख्या : ९०५१ जना
कर्मचारी संख्या : ८ जना
शाखाप्रबन्धक : दधिराम आचार्य
शाखा कार्यालयको स्थापना : २०७० कार्तिक

**सफलताको रहस्य :**

कुशल एवम् प्रभावकारी नेतृत्व, सामुहिक सहकार्य, एकता, उच्च मनोवल, ग्राहकमैत्री व्यवहार, श्रोत र साधनको अधिकतम उपयोग, केन्द्रीय तथा प्रदेश कार्यालयको सहयोग समन्वय, कर्जाको विस्तार तथा नियमित अनुगमन, शाखामा कार्यरत कर्मचारीहरुको लगनशिलता, निर्णय प्रकृयामा सहकर्मीहरुको सहभागीता तथा समझदारीमा कार्य सम्पन्न आदी ।

# समवेदना

यस बैंकका के.का. मार्केटिङ्ग विभागका विभागीय प्रमुख पद्यमा लक्ष्मी जि.सी. (११२०४) की पति अभिमन्यु चम्लागांई, वागमती प्रा.का.काठमाडौंका प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठ (११२१९) की ससुरा शम्भुलाल अमात्य, शा.का. पातिचौरमा कार्यरत सहायक डेजी शर्मा (१३०६८) की पति नारायण भट्टराई, शा.का. वानेश्वरमा कार्यरत सहायक सविता कर्ण (११७४३) की ससुरा भैरवनन्दलाल कर्ण, शा.का. ठिमीमा कार्यरत बरिष्ठ सहायक श्यामबहादुर खड्का (१२३१३) का पिता वीरजङ्ग खड्का, शा.का. श्रीपुरमा कार्यरत सुरक्षागार्ड प्रेमबहादुर कुर्मी (११३१७) की आमा किसुनकुमारी देवी कुर्मी, शा.का. कोहलपुरमा कार्यरत सुरक्षागार्ड पत्रबहादुर चन्द (११२६३) का पिता फौजबहादर चन्द, शा.का.मिर्चैयामा कार्यरत सहायक कमलप्रसाद पराजुली (१०८०३) की आमा भिमकुमारी पोखरेल, प्रा.का.वीरगंजमा कार्यरत बरिष्ठ सहायक संदिप जोशी (९००६) की आमा गंगादेवी जोशी, शा.का. बिरेन्द्रनगरमा कार्यरत सहायक निर्जला थापा (११९१५) की ससुरा देवबहादुर थापा, १ नं प्रा..का. बिराटनगरमा कार्यरत बरिष्ठ सहायक राजकिशोर दाहाल (१०४८५) की आमा सक्करदेवी दाहाल, शा.का. त्रि.अ.वि.मा कार्यरत सहायक निलोफर बानो मियां (१२२८६) की ससुरा जहाद फकिर, के.का. बित्त विभागमा कार्यरत सहायक प्रबन्धक विमला दाहाल (१२४५६) की सासु देवकुमारी दाहाल, के.का. ब्रान्च अपरेशन विभागमा कार्यरत बरिष्ठ सहायक जितेन्द्र राई (८८८९) की आमा मंसीरमाया राई को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: P.S. Printing Press, Bhaktapur